नमस्कार, पुस्तकालय नेपालमा रुची राखिदिनु भएकोमा धन्यवाद । मेरो नाम लिन्जी डिकेन्शन हो र म संयुक्त अधिराज्यमा शिक्षा विदका रुपमा कार्यरत छु । मैले तिस (३०) वर्ष भन्दा धेरै समय शिक्षा क्षेत्रमा काम गरेकी छु , साथै :

- शिक्षीका तथा नर्थ लन्डन विश्व विद्यालयको लेक्चर्रका रुपमा शैक्षिक स्रोत केन्द्र तथा मल्टीमिडिया र डिजिटल लर्निङ कार्यक्रम कार्यन्वयन गराउने ;

- १६ देखि १८ वर्ष उमेरका विद्यार्थीहरुको परिक्षा प्रणाली, जीसिएसईस् र ए लेभलहरुमा नयाँ पाठ्यक्रम र परिक्षा प्रणाली कार्यन्वयन गराउने ;

- मेरो आफ्नो संस्थाबाट शैक्षिक स्रोतहरुको विकास, किताबहरु छाप्ने, डिजिटल स्रोतहरु तथा अनलाईन सेवा संयुक्त अधिराज्यभरी पुऱ्याउने र त्यसको व्यवस्थापन  गराउदै आएकी छु।

म विदा मनाउन सन् २०१६ मा नेपाल आएको बेला श्री रविन्द्र तुलाधरज्यूसँग भेट भयो । उहाँबाटै स्तम्भ नेपालको बारेमा थाहाँ पाए र यस संस्थाको परोपकारी दायित्व अन्तर्गत २०१५ मा गएको भुकम्पबाट प्रभावित सिन्घुपालचोकको श्री नवलिङ्गेश्वरी स्कलुका लागि पुस्तकालय र्निमाण गर्न खोजेको थाहाँ पाए ।

म आफै शिक्षा र पुस्तकालय विकासमा चाख राख्ने भएकीले तथा शैक्षिक स्रोतहरु उत्पादन गर्ने संस्थाको संचालिका भएकी हुनाले सो पुनित कार्यमा हातेमालो गर्न चाहेँ । तसर्थ सन् २०१७ को गर्मीमा हाम्रो संस्थाले पुस्तकालय स्थापनार्थ केही किताबहरु सहयोग गऱ्यो र सो पुस्तकालयको उद्घाटन समारोहमा मलाई आमन्त्रित गरियो ।

त्यो दिन मेरो लागि अत्यन्त प्रेरणाको दिन रहयो । त्यहाँ मैले सम्मानित अतिथीहरु सिआईटी नेपाल तथा कम्प्युटर एसोशिएशन अफ नेपालका संस्थापक अध्यक्ष एवं नेपाल इतिहास संघका संस्थापक महासचिव डा. विमल कुमार शर्मा ढकाल र त्रिभुवन विश्व विद्यालयको केन्द्रिय पुस्तकालय तथा सुचना विज्ञान विभागका प्रमुख श्री भीम ध्वज श्रेष्ठज्यूहरुसँग भेट्ने मौका पाए । उहाँहरुसँग गरेका कुराकानी र सम्बादहरुबाट मलाई ग्रामिण क्षेत्रका स्कुलहरुमा साक्षरताको विकास गर्न र विद्यालयमा पुस्तकालय विकास गर्न तथा डिजिटल लर्निङ्ग स्रोतहरुको प्रयोगका कमिलाई घटाउन थप हौसला मिल्यो ।

त्यसपछिका केहि महिनाहरु स्तम्भ नेपालसँगको सहयोग र सहकार्यमा हाम्रो संस्थाको समुहले कन्टेन्ट निर्माण गर्न र नेपाली पाठ्यक्रम (स्कुल सेलेवस) सँग मिल्ने स्रोतहरुको निर्माणमा लाग्यौ ।

यो कार्यक्रम सन्. २०१८ जेनवरीमा विभिन्न क्रियाकलापका साथ काठमाडौं लगायत विभिन्न स्थानमा संचालनमा आएको छ ।

हाम्रो बारेमा पढिदिनु भएकोमा धेरै धेरै धन्यवाद। हामीले विकास गरेका स्रोत यहाँहरुले पढेर आन्नद लिनुहुनेछ भन्नेमा हामी आशावादी छौं।

पुस्तकालय नेपाल ईलेक्ट्रा मिडीयाद्धारा डिजाइन र विकास गरिएको, स्तम्भ नेपालको सहकार्य तथा सिआईटी नेपाल, कम्प्यूटर संघ नेपाल र त्रीभुवन विश्व विद्यालय पुस्ताकलय तथा विज्ञान विभागको साहेतामा संचालनमा ल्याईएको कार्यक्रम हो।

Created & Designed by
elektra media
in association with
Istambha Nepal
Supported by
Center for Information Technology (CIT) Nepal
Central Department of Library & Information Science, Tribhuvan University
Federation of Computer Association of Nepal